नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार

# *सङ्घीय मामिला सम्वन्धी कार्यपद्धति*
*(मा. उप-प्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीबाट मिति २०७०।१२।०९ मा स्वीकृत)*

## १. पृष्ठभूमिः

नेपाल एकात्मक राज्य प्रणालीबाट संघीय राज्य प्रणालीको ढाँचामा रुपान्तरण हुन लागेको छ । तदनुरुप नेपालको अन्तरिम संविधान, २०६३ र संविधान सभाबाट संघीय राज्य व्यवस्थाका लागि विभिन्न व्यवस्था र निर्णयहरु भएका छन् र हुने क्रममा समेत छन् । साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई 'संघीय मामिला' सम्बन्धी कार्य क्षेत्र थप भए अनुरुप सो का लागि आवश्यक तयारी र व्यवस्थाहरु गर्नुपर्ने भएको छ । नेपालको अन्तरिम संविधान, २०६३ द्वारा परिलक्षित संघीयता, राज्य पुर्नसंरचना, विकेन्द्रीकरण र स्थानीय प्रजातन्त्रका व्यवस्था र संविधान सभामा भएका छलफल एवं सर्वसम्मत निर्णय भएका विषयवस्तुबाट नेपालको शासकीय प्रणालीमा संघीय व्यवस्था अनुरुप पुनर्संरचना गर्न नेपाल सरकारको तर्फबाट आवश्यक तयारी अपरिहार्य भएको छ। विशेष गरी सरकारको स्वरुप, सरकारको तहगत संरचना, विभिन्न मन्त्रालयको भूमिका र तिनको अधिकारक्षेत्र, साधन स्रोतको बाँडफाँड र परिचालन, समन्वयकारी तथा संयोजनकारी कार्य प्रणाली, सेवा प्रवाहको अविच्छिन्नता र थप प्रभावकारिता जस्ता पक्षहरुलाई लिएर आगामी बन्ने संविधानका लागि मन्त्रालयको तर्फबाट समेत अवधारणापत्र तयार पार्न अत्यावश्यक भएको छ।

साथै संघीय प्रणालीमा जाँदै गर्दा स्थानीय सरकारको विषयमा खासै सैद्धान्तिक बहस नभईरहेको सन्दर्भमा र स्थानीय स्वायत्त शासनका विद्यमान सबल पक्षहरुको जगेर्ना गर्दै आगामी पुनर्संरचनामा स्थानीय सरकारको औचित्य र तदनुरुपको स्वरुप, संख्या र भूमिकामा स्पष्टता ल्याउन समेत गृहकार्य जरुरी भएको छ। हालको स्थानीय निकायको तुलनामा अझ सक्षम, सुदृढ र संभाव्य स्थानीय सरकार (Capable, Efficient and Viable Local Government) को स्थापनालाई सुनिश्चित गर्न मन्त्रालयको नेतृत्वदायि भूमिका पनि खोजिएको छ । जसका लागि हालसम्म भए गरेका अध्ययन प्रतिवेदन, विशेषज्ञहरुको राय, अन्तर मन्त्रालय/निकाय समन्वय, जरा-तहसम्म संघीयताको सबलताहरु बारे प्रचार प्रसार गरी जनमत निर्माण गर्दै सरोकारवालाहरुबीच समान समझदारी विकास गर्दै लैजान समेत मन्त्रालयको क्रियाशीलता आवश्यक भएको छ।

संघीयता स्व-शासन (Self-Rule) र साझा-शासन (Shared-Rule) को सिद्धान्तका आधारमा संचालन हुने भएकाले र नेपालमा यसको खाका कोर्ने समय भएकाले सर्वसम्मत हुन नसकेका अर्थात छलफलमा/विवादमा रहेका मुद्दाहरुका सम्बन्धमा समेत उपयुक्त विकल्पहरु तयार गरी भविष्यमा दीगो (Sustainable), सार्मथ्यतापूर्ण (Capable) र प्रभावकारी संघीय राज्य प्रणाली (Effective Federal State System) को जग बसाउने नेपाल सरकारको दायित्वलाई आत्मसात गर्दै आवश्यक सुझाव वा सिफारिसहरु संविधानसभाले माग गरेका वखत प्रस्तुत गर्नुपर्ने हुन्छ । तसर्थ संघीय लोकतान्त्रिक राज्य प्रणालीको अवधारणालाई मूर्त रुप दिन, विशेषतः स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय सरकार सुनिश्चित गर्न र यिनिहरुको समग्र कार्यान्वयन प्रक्रियालाई संस्थागत, संरचनागत र संस्कारगत सबै आयाममा अभिमूखिकरण गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तर्फबाट गर्नुपर्ने तयारीका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ । जसको लक्ष, क्रियाकलाप, अपेक्षित उपलब्धिहरु देहाय बमोजिम रहेका छन्:

## २. उद्देश्य (Objective) :

नेपालको अन्तरिम संविधान, २०६३ तथा संविधान सभाबाट निर्धारित संघीय शासकीय प्रणालीको संरचना अन्तर्गत रहने संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार (स्वायत्त शासनको सिद्धान्त बमोजिम) को संरचना निर्माण एवं विकासका सम्बन्धमा सरोकारवालाहरुसँग परामर्शका आधारमा राष्ट्रिय अभ्यास तथा अन्तर्राष्ट्रिय अनुभव समेतलाई आधार लिई अन्तर-निकाय समन्वयका माध्यमबाट सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संघीयता सम्बन्धमा विशिष्टिकृत अवधारणा पत्र तयार गर्ने प्रमुख उद्देश्य रहेको छ । साथै संविधानसभालाई सहयोग गर्ने र आवश्यक तयारीहरु शुरु गर्न पहल गर्ने समेत उद्देश्यहरु रहेका छन् ।

## ३. लक्षहरु (Purposes):

उपर्युक्त उद्देश्यहरु प्राप्तिको लागि देहायका लक्षहरु (Purposes) निर्धारित गरिएको छः-

१. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नेपालको राज्य पुनर्संरचनाका लागि प्रस्तुत संघीय व्यवस्था सम्बन्धमा भएका सबै प्रकारका अध्ययनहरु संकलन र अभिलेखिकरण गर्ने । (जसबाट मन्त्रालय एक नीति स्रोत केन्द्रको रुपमा क्रमशः विकास हुने ।)

२. विकेन्द्रीकरणका सम्बन्धमा हालसम्म भएका अध्ययन प्रतिवेदनहरुले औंल्याएका र राज्य पुनर्संरचनाका क्रममा उपयोगी देखिएका मुख्य सुझावहरु एकीकृत गरी प्रस्तुत गर्ने ।

३. विद्यमान संविधान, कानून र व्यवस्था/अभ्यासबाट सिकिएका पाठ वा भोगाईहरुका आधारमा देखिएका चुनौतिहरु विश्लेषण गर्ने जसबाट पुनर्संरचनाका क्रममा उपयुक्त विकल्पहरुमा जान मार्ग प्रशस्त हुने ।

४. संघीय प्रणालीमा शासकीय स्वरुपको तहगत व्यवस्थाका आधारमा स्थानीय स्वायत्त शासनको लागि नेपालको अवस्था, आवश्यकता अनुरुपको प्रारुप तयार पार्ने ।

५. स्थानीय सरकारको सन्दर्भमा जिल्ला विकास समिति, महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका एवं गाउँ विकास समितिहरुको स्वरुप, संख्या र भूमिकाको सन्दर्भमा पहिले भएका अध्ययन र अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा उपयुक्त अवधारणाहरु विकास गरी सिफारिस गर्ने ।

६. संघीय प्रणाली स्थापना गर्ने सम्बन्धमा संविधान सभा, २०६४ बाट भएका कार्यहरु (संघीय व्यवस्था संचालनका लागि अनिवार्य रहने व्यवस्थाहरुका सम्बन्धमा विभिन्न समितिका प्रतिवेदनहरुमा उल्लेखित व्यवस्थाहरु) का आधारमा सर्वसम्मत भएका वा विवादित रहेका विषयहरु छुट्याई विवादित विषयमा विभिन्न विकल्पहरु तयारी गर्ने ।

७. नेपालको लागि उपयुक्त संघीय प्रणालीको रचना गर्न राजनीतिक दल, विषयगत मन्त्रालय, स्थानीय निकाय, विज्ञ, सरोकारवालाहरुसँग छलफल एवं परामर्श गर्ने र प्रतिवेदन तयार गरी प्रकाशन गर्ने ।

८. संघीयताका विशेषताहरु, यसका सबल तथा दुर्वल पक्षहरुको अध्ययन विश्लेषण गरी यसका दुर्वलता हटाउन समन्वयकारी र संयोजनकारी संघीय प्रणालीका लागि जनमत निर्माण गर्न आवश्यक सूचनाहरु प्रवाह गर्ने ।

९. प्रस्तावित तीन तहको सरकारको अवधारणामा मन्त्रालयगत भूमिकामा स्पष्टता ल्याउन अन्तर निकाय संयोजन र समन्वयका लागि आवश्यक तयारी शुरु गर्ने ।

१०. संघीय व्यवस्थामा रहने बहुक्षेत्रगत जिम्मेवारी अनुरुप संलग्न हुने विभिन्न निकायहरु, नयाँ स्थापना हुने आधारभूत समिति/आयोग/निकायहरुको व्यवस्थाका सम्बन्धमा विषय विज्ञको राय परामर्श लिई विभिन्न विकल्प सहितको प्रारुप तयार गर्ने (संविधान सभामा सुझाव दिन समेत)

११. संघीय व्यवस्थाका सम्बन्धमा जनस्तरमा उठेका प्रश्न वा प्रस्तावहरुको संकलन गरी विषयगत विज्ञ समूहमा छलफल गरी गराई उपयुक्त विकल्पहरु खोजी गर्ने ।

१२. मन्त्रालयमा संघीय व्यवस्था हेर्नका लागि हुनुपर्ने उपयुक्त महाशाखा एवं शाखाको संरचनात्मक ढाँचाको निर्माण गर्ने ।

१३. संघीय प्रणालीका अन्तर्राष्ट्रिय अभ्यासहरुमा देखिएका सबल तथा दुर्वल पक्षहरुको सैद्धान्तिक तथा व्यवहारिक आधारहरु अध्ययन विश्लेषण एवं प्रयोगात्मक अवलोकन गरी निजामती जनशक्तिलाई प्रशिक्षित गर्दै लैजाने ।

१४. संघीय व्यवस्थाका सरोकारवालाहरु बीच नेपालको अवस्था र आवश्यकता अनुरुप आधारभूत विषयमा समान किसिमको समझदारी (Common Understanding) विकास गर्दै लैजाने ।

## ४. संघीयताको सम्बन्धमा मुख्य अन्तर-सम्बन्धित कार्यसूचीहरु (Major Cross-Cutting Agendas):

देहायका मुख्य कार्यसूचीहरु एक अर्को निकाय र भूमिकासँग सम्बन्धित देखिएका छन्, जसमा स्पष्टता ल्याउन गृहकार्य जरुरी देखिएको छः-

- संघ, प्रदेश र स्थानीय सरकारको अधिकारको सूची (संविधानमा रहने अनुसूची) अनुरुपको व्यवस्थापन
- स्थानीय सरकारको स्वरुप/संख्या/अधिकारक्षेत्र तथा विषयगत कार्यालयहरुको भूमिका
- राष्ट्रिय संरचना आयोग
- स्थानीय सरकार र विशेष संरचनाको सम्बन्ध
- राष्ट्रिय वित्तीय आयोग
- राष्ट्रिय प्राकृतिक स्रोत आयोग
- भाषा आयोग
- सामाजिक समावेशिकरण आयोग
- राष्ट्रिय स्तरका आयोगहरु र प्रादेशिक तहमा रहने आयोगहरु
- विवाद समाधान र संयन्त्र (संघ र प्रदेश, संघ र स्थानीय सरकार, प्रदेश र प्रदेश, स्थानीय सरकार र स्थानीय सरकार)
- संविधानसभा, २०६४ को प्रतिवेदनमा विवादित विषय : ११७ वटा, (निम्न विषयमा कुनै मस्यौदा नै नभएको: न्यायपालिका, स्थानीय व्यवस्थापिका, राष्ट्रिय संरचना आयोग, प्रान्तमा रहने संवैधानिक आयोग, आदि)

## ५. कार्यान्वयन विधिः

संघीय व्यवस्थाका सम्बन्धमा मन्त्रालयले गर्नुपर्ने यसै कार्यक्रम बमोजिमको कार्य नीतिगत मार्गनिर्देशनका आधारमा प्रभावकारी रुपमा सम्पादन गर्न गराउन देहाय बमोजिमको एक उच्चस्तरीय निर्देशक समिति र कार्यान्वयन प्रभावकारिताका लागि कार्यदल गठन गर्न उपयुक्त देखिएको छः-

- **संघीय मामिला निर्देशक समिति**

| | | |
|---|---|---|
| १. | संयोजक | मा. मन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| २. | सदस्य | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | सदस्य | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ४. | सदस्य | सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ५. | सदस्य | सचिव, अर्थ मन्त्रालय |
| ६. | सदस्य | सचिव, सामान्य प्रशासन मन्त्रालय |
| ७. | सदस्य | सचिव, शिक्षा मन्त्रालय |
| ८. | सदस्य | सचिव, कृषि विकास मन्त्रालय |
| ९. | सदस्य | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १०. | सदस्य | सचिव, शहरी विकास मन्त्रालय |
| ११. | सदस्य | सदस्य सचिव, स्थानीय निकाय वित्तीय आयोग |
| १२. | सदस्य-सचिव | सह-सचिव, संघीय मामिला तथा स्थानीय स्वायत्त शासन महाशाखा,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| संयोजकद्धारा आवश्यकतानुसार परामर्शका लागि आमन्त्रण गर्न सकिनेछ । | | |

**यस समितिको मुख्य कार्य देहाय बमोजिम हुनेछः**

क. यस कार्यक्रमको उद्देश्य अनुरुपको कार्यान्वयन व्यवस्था मिलाउन आवश्यक मार्गनिर्देशन प्रदान गर्ने ।

ख. संघीय प्रणालीका सम्बन्धमा भए गरेका अध्ययन प्रतिवेदन अनुरुप संविधानसभाबाट माग भएका समयमा आवश्यक राय परामर्श उपलब्ध गराउने ।

ग. स्थानीय स्वायत्त शासनको भावना अनुरुप स्थानीय सरकारको लागि आवश्यक व्यवस्था मिलाउन समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

घ. संघीय मामिलाका सम्बन्धमा सरोकारवालाहरुबीच आवश्यक समन्वय कायम गर्ने गराउने ।

ङ. मन्त्रालयको कार्यक्षेत्र अनुरुप उपयुक्त देखिएका अन्य विषयमा आवश्यक निर्देशन दिने वा सहजिकरण गर्ने गराउने ।

- **संघीय मामिलासम्बन्धी कार्यदल**

यस कार्यक्रम बमोजिमको कार्य सम्पादन गर्न गराउन देहाय बमोजिमको एक कार्यदल रहनेछः

| | | |
|---|---|---|
| १. | संयोजक | सह-सचिव, संघीय मामिला तथा स्थानीय स्वायत्त शासन महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| २. | सदस्य | उप-सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ३. | सदस्य | उप-सचिव, स्थानीय निकाय सहयोग शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ४. | सदस्य | उप-सचिव, संघीय मामिला तथा विकेन्द्रीकरण शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ५. | सदस्य | उप-सचिव, नगरपालिका व्यवस्था शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ६. | सदस्य | उप-सचिव, कानून शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ७. | सदस्य | उप-सचिव, आर्थिक प्रशासन शाखा, सं.मा. तथा स्थानीय विकास मन्त्रालय |

| | |
|---|---|
| ८. सदस्य-सचिव | उप-सचिव, संघीय मामिला इकाई हेर्न तोकिएको, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । |
| संयोजकद्वारा आवश्यकतानुसार परामर्शका लागि आमन्त्रण गर्न सकिनेछ । | |

**उपयुक्त कार्यदलको कार्य-क्षेत्र देहाय बमोजिम हुनेछः**

क. यस कार्यक्रम/प्रस्ताव विवरण अनुरुपको क्रियाकलापहरु कार्यान्वयन गर्ने गराउने ।

ख. संघीय प्रणाली (संघ, प्रदेश र स्थानीय सरकार) का नेपालका लागि उपयुक्त हुने विशिष्टिकृत, व्यवसायिक र व्यवहारिक विकल्पहरु (Specialized, Professional and Practical Alternatives) तयार गरी मन्त्रालयको अवधारणापत्रको मस्यौदा तयार गर्ने ।

ग. मन्त्रालयमा संघीय व्यवस्था हेर्नका लागि हुनुपर्ने उपयुक्त महाशाखा एवं शाखाको संरचनात्मक प्रारुप तयार गर्ने

घ. सरोकारवालाहरुको छनौट र सहभागिता गर्ने गराउने व्यवस्था मिलाउने ।

ङ. संविधान सभाबाट माग भएका विषयमा आवश्यक तयारी गरी पेश गर्ने

च. अन्तर-निकाय समन्वयको व्यवस्था मिलाउने

छ. संघीय व्यवस्थाका लागि आवश्यक प्रतिवेदन, प्रचार प्रसार वा अन्य सामाग्रीहरु निर्धारण गर्ने ।

ज. संघीय व्यवस्थाको संक्रमणकालीन व्यवस्थापन गर्न पूर्व तयारीका लागि विकल्पहरु प्रस्ताव गर्ने

झ. यस कार्यका लागि आवश्यक साधन स्रोतको व्यवस्था गर्ने ।

ठ. यस कार्यदलको सिफारिस वा निर्णयहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव समक्ष पेश गरिनेछ । तत्पश्चात मन्त्रालयको निर्णयानुसार निर्देशन समिति समक्ष पेश गर्नुपर्नेछ वा कार्यान्वयन गरिनेछ ।

**यस कार्यक्रमको प्रकरण-४ क्रियाकलापहरु देहायका कुनै विधि अपनाई कार्यान्वयन गरिनेछ :**

- विज्ञ वा विज्ञहरुको समूह बनाई परामर्श सेवा लिन सकिने
- कार्यपत्रहरु तयार गरी छलफल, गोष्ठि, कार्यशाला आदी मार्फत राय संकलन गर्न सकिने
- विज्ञहरुलाई कार्यपत्र प्रस्तुत गर्न लगाउन सकिने
- विशेषज्ञबाट प्रतिवेदन तयार गर्न लगाउन सकिने
- बेवसाईटमा राख्ने, प्राविधिक सहयोग लिइने
- परामर्श वा सेवा करारका माध्यमबाट खरिद प्रक्रिया अगाडी बढाइने ।
- कार्यक्रम कार्यान्वयन गर्न प्रशासनिक खर्चको सीमा भित्र रही आवश्यक व्यवस्था मिलाइने ।

## ६. संघीय मामिला इकाई (Federal Affairs Unit) गठन

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को Output–9 मा संघीय मामिला इकाई गठन र संचालनमा ल्याउने व्यवस्था भए बमोजिम यसको प्रमुखको रुपमा उप-सचिव र अन्य तहका कर्मचारीहरु व्यवस्था गरिएको छ । साथै LGCDP को Output–9 को Output Group Coordinator को रुपमा यसै इकाईको उपसचिवले काम गर्नेछन् ।

## ७. समन्वय र सहकार्य (Coordination and Collaboration):

संघीयता आँफैमा एक बहुआयामिक सिद्धान्त भएकोले यसका लागि सबै सरोकारवालाहरुबीच कार्यगत एकरुपता, समन्वयात्मक प्रयास र सहकार्य जरुरी छ । विशेष गरी संविधान सभा, २०७० ले माग गरे अनुरुपको क्रियाशीलता, समन्वय र सहकार्यका लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने हुनछ । त्यसै गरी संघीय व्यवस्था रचना/स्थापनाका क्रममा संलग्न हुने वा हुनुपर्ने बहुक्षेत्रीय-कर्ता (Multi-Sectoral Actor) लाई पनि यस प्रक्रियामा संलग्नताको सुनिश्चित गराइनु पर्ने हुन्छ । यस अवधारणाहरु तयार गर्ने क्रममा संविधान सभामा प्रतिनिधित्व गर्ने दलका मा. सभासदज्यूहरु (विशेष गरी स्थानीय निकायको पूर्व अनुभव हासिल गर्नु भएकाहरु) को समेत सहभागिताका लागि अनुरोध गरिनेछ । साथै स्थानीय निकाय, विकेन्द्रीकरण वा स्थानीय स्वायत्त शासनका सम्बन्धमा पूर्व अनुभव भएका मा. सभासदहरुको एक समूह स्थापना गर्न अनुरोध गरिनेछ । जसले मूलतः हालको स्थानीय निकायको तुलनामा अझ सक्षम, सुदृढ र संभाव्य स्थानीय सरकार (Capable, Efficient and Viable Local Government) को स्थापनालाई सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास लिन सकिन्छ ।

## ८. सरोकारवालाहरु

यस कार्यका लागि संभाव्य सरोकारवालाहरु देहाय बमोजिम रहेका छन्:

- संविधानसभामा प्रतिनिधित्व गर्ने दलको प्रतिनिधि वा मा. सभासदहरु
- सम्बन्धित मन्त्रालयहरु
- संवैधानिक अंग वा निकायहरु
- प्राधिकरण, संस्थान वा केन्द्रीय निकायहरु
- स्थानीय निकायहरु (जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति)
- सार्वजनिक प्रशासकहरु (बहालवाला वा पूर्व पदाधिकारीहरु)
- विशेषज्ञ वा विज्ञहरु (संघीयता, स्वायत्त शासन, शासकीय प्रवन्ध आदी)
- प्राज्ञिक वर्ग
- पेशागत संस्थाहरु
- विकास साझेदारहरु (मन्त्रालयद्धारा तोकेबमोजिम)
- नागरिक समाजका प्रतिनिधिहरु
- अन्य ।

## ९. अपेक्षित उपलब्धिः

यस कार्यक्रम कार्यान्वयनमा तत्कालीन र दीर्घकालीन प्रकृतिका देहायका अपेक्षित उपलब्धिहरु हाँसिल हुने अपेक्षा गरिएको छः-

- संविधान सभाको निर्णय बमोजिम कार्यान्वयन र समन्वय गर्ने गराउने ।
- संघीयताको सम्बन्धमा विभिन्न विकल्पहरु सहितको स्पष्ट अवधारणा-पत्र तयार हुने ।
- मन्त्रालयको तर्फबाट संघीय व्यवस्थाका सम्बन्धमा प्रस्तुत गर्नु पर्ने अवधारणाहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत समक्ष पेश गर्न सकिने ।
- स्थानीय सरकारको स्पष्ट खाकापत्र तयार हुने र तदनुरुप मन्त्रालयले आवश्यक पहल गर्न सक्ने ।

- संघीयताका सम्बन्धमा भए गरेका अध्ययन प्रतिवेदनहरु संकलन हुने, अद्यावधिक विवरण उपलब्ध हुने ।
- संघीय व्यवस्थाको रचना गर्न विषयगत विशेषज्ञहरुको राय परामर्श लिई राष्ट्र निर्माण (Nation-Building) मा योग्दान पुर्‍याउन सक्ने भूमिकाको Recognize हुने ।
- संघीयताको आवश्यकता र नेपाललाई उपयुक्त हुने प्रणालीको विषयमा जराधार तहसम्म क्रमशः सकारात्मक जनमत निर्माण एवं विकास हुने ।
- अन्तर्राष्ट्रिय अभ्यासहरुको सैद्धान्तिक पक्ष एवं प्रयोगात्मक अवलोकनद्वारा असल अभ्यासहरु नेपालमा भित्र्याउन सहयोगी हुने ।
- संघीयतामा स्थानीय सरकारको भूमिकाको विषयमा स्पष्टता आउने ।
- मन्त्रालय संघीयतासम्बन्धी नीति सूचना केन्द्र (Federal Policy Info Center) को रुपमा विकसित हुँदै जाने ।
- मन्त्रालयलाई संघीय व्यवस्थाको नीतिगत भूमिकाको नेतृत्वदायी स्थानमा स्थापित गर्ने (To Establish the Ministry in Leading Role of Federal Affairs) ।